# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ढल्केवर,धनुषा
२ नं. प्रदेश, नेपाल

visit n 2020

पत्र संख्याः- शा.सु शाखा/०७७।०७८
चलानी नं.:- ६६९

मिति २०७७।१।०८

श्री मिथिला नगरपालिका,
वडा नं. १ देखि ११ सम्म ।

बिषय : सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ०४ को प.सं.०७७।०७८ च.न. ६४२१ तथा गृह मन्त्रालयको प.स. ०७७।०७८ च.न. १४७ को पत्र कार्यान्वयन गर्ने सन्दर्भमा सामाजिक सुरक्षा ऐन, २०७५ (प्रथम संशोधन २०७७ सहित) को दफा १५ मा व्यवस्था भए बमोजिम कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति,निर्वाचित वा मनोनीत भै वहाल रहेका व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थावाट नियमित रुपले पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा वा अन्य सुविधा पाईरहेका व्यक्ति ले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था हुंदा हुंदै पनि कतिपय स्थानीय तहहरुमा दोहोरो सुविधा लिएको भनी लेखी आएको हुदां स्थानीय तहहरुले त्यस्तो प्रवृतीलाई पूर्ण रुपमा अन्त्य गरी भत्ता पाउने सम्पुर्ण लाभग्राहीहरुको बिवरण रुजु गरी दोहोरो सुविधा लिएको भए कानूनी दायरामा ल्याई दोहोरो सुविधालाई निरुत्साहित गरी कानूनको पूर्ण रुपमा पालना गर्न गराउन हुन भनि श्री राष्ट्रिय परिचपपत्र तथा पञ्जीकरण बिभाग, सिंहदरबार, काठमाण्डौको पं.सं. २०७७।०७८ च.नं. १२३९ मिति २०७७।०९।०१ को पत्र प्राप्त भएकोले सोही अनुरुप गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

बोधार्थ
श्री राष्ट्रिय परिचपपत्र तथा पञ्जीकरण विभाग,
सिंहदरबार, काठमाण्डौ ।

(रचिन्द्र डंगोल)
प्रमुख प्रशासकीय अधिकृत

IT शाखा,
website मा upload गर्नुहुन ।